नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काभ्रेपलाञ्चोक

☎ ०११-४९०१२३, ०११-४९०३२०, ०११-४९०२२३
ईमेल- daokavre@gmail.com
daokavre.avilekh@gmai.com
(अभिलेखका लागि)

धुलिखेल

प.सं.- ०८२/८३
च.नं.- २६४८

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक

मिति: २०८२/१०/०६
ने.सं. ११४६

**विषय: सूचना प्रकाशन/प्रशारण सम्बन्धमा।**

श्री स्थानीय तह (सबै),
काभ्रेपलाञ्चोक ।

उपरोक्त सम्बन्धमा इजाजतपत्र प्राप्त हतियार समेत नजिकको प्रहरी इकाईमा बुझाइदिने सम्बन्धी अत्यन्त जरुरी सूचना यसै पत्रसाथ संलग्न छ । प्राप्त सूचना प्रकाशन/प्रशारण गरी आसन्न निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यमा सहयोग हुन अनुरोध अनुरोध छ ।

..........................
भोलानाथ गुरागाईं
सहायक प्रमुख जिल्ला अधिकारी

श्री प्रशासन / सूचना प्रविधि
सबै वडा कार्यालयहरुलाई सूचना टाँस गर्न पठाई न.पा.को सूचना पाटी र website मा पनि राख्नुहोला ।
१०/०३

दर्ता नं.: ९८०
दर्ता मिति: ०८२/१०/०६

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काभ्रेपलाञ्चोक
☎ ०११-४९०१२३, ०११-४९०३२०, ०११-४९०२२३
ईमेल- daokavre@gmail.com
daokavre.avilekh@gmai.com
(अभिलेखका लागि)
धुलिखेल

प.सं.- ०८२/८३
च.नं.-

## इजाजतपत्र प्राप्त हतियार समेत नजिकको प्रहरी इकाईमा बुझाइदिने सम्बन्धी
## अत्यन्त जरुरी सूचना !!!

आगामी मिति २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा आफूसँग भएका इजाजत प्राप्त हतियार समेत २०८२ माघ २१ गतेभित्र नजिकैको प्रहरी इकाईमा बुझाउनु हुन र त्यस्तो हतियार प्रतिनिधि सभा निर्वाचन सम्पन्न भएको एक महिना (सम्वत् २०८२/१२/२०) पश्चात आफूले हतियार बुझाएकै प्रहरी इकाईबाट फिर्ता हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।
यदि कसैले यो सूचना अवज्ञा गरी उक्त मिति (२०८२ माघ २१ गते) पश्चात पनि आफुसँग त्यस्तो हतियार राखि राखेको पाइएमा कानून बमोजिम कारवाही भैजाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

मिति: २०८२/१०/०६ मंगलबार ।

सहायक प्रमुख जिल्ला अधिकारी